लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
शिक्षा तथा सामाजिक विकास निर्देशनालय
**सामाजिक विकास डिभिजन कार्यालय**
बिजुवार प्यूठान।

☎०८६-४६०१४३
✉sddopyuthan@gmail.com
**Website:**
**www.sddopyuthan.lumbini.gov.np**

पा।सं।२०८०/०८१
च। नं।- ९६

( कार्यालयको कोड नं ३५०००५५०१५)

मिति २०८०।०५।२२

श्री सम्पुर्ण सामुदायिक तथा संस्थागत माध्यमिक विद्यालयहरु
प्यूठान।

विषय: मावि स्तरिय खुला वक्तृत्वकला प्रतियोगिता सम्वन्धी सूचना ।

प्रस्तुत विषयमा ५९ औं राष्ट्रिय बाल दिवसको अवसरमा प्यूठान जिल्लाका सामुदायिक तथा संस्थागत विद्यालयका कक्षा (९-१२) मा अध्ययनरत विद्यार्थीहरुका बिच बालबालिकामा लगानी : सुनिश्चित भविश्यको थालनी भन्ने शीर्षकमा जिल्ला स्तरीय वक्तृत्वकला प्रतियोगिता तपसिलको मिति, समय र स्थानमा आयोजना गरिएको हुदा उक्त प्रतियोगितामा सहभागी हुन चाहने विद्यालयका विद्यार्थीले मिति २०८०।०५।२७ गते कार्यालय समय भित्र सम्वन्धित विद्यालयको पत्र मार्फत आफ्नो नाम दर्ता गराउन सकिने व्यहोरा सम्वन्धित सवैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ। निर्धारित समय पछि प्राप्त हुने निवेदन वा नाम दर्ता नगराई प्रतियोगितामा उपस्थित हुने विद्यार्थीहरुलाई प्रतियोगितामा सहभागी गराईने छैन।

प्रतियोगितामा सहभागिता जनाउनका लागि पालना गर्नुपर्ने नियमहरु:

१. प्रत्येक विद्यालयवाट १ जना ( छात्र वा छात्रा) मात्र सहभागी गराउन सकिने छ।
२. विद्यालयको पत्रमा विद्यार्थीको नाम, कक्षा, रोल्न, सेक्सन लगायतको विवरण खुलेको हुनुपर्ने छ।
३. विद्यार्थी सहभागी गराउन चाहने विद्यालयले यस कार्यालयको इमेल ठेगाना **sddopyuthan@gmail.com** मा अनिवार्य रुपले पत्र पठाउनु पर्ने छ। आवश्यक जानकारीको लागि मो. नं ९८५७८६०१४३ मा सम्पर्क गर्न सकिनेछ।
४. प्रतियोगिताको विषयवस्तु र प्रस्तुतीकरण नेपाली भाषामा हुनुपर्नेछ।
५. प्रतियोगिताको प्रस्तुतीमा चार मिनेटमा जनाउ घन्टी बज्नेछ भने पाँच मिनेटभित्र आफ्ना भनाइहरु टुंग्याई सक्नुपर्नेछ।
६. बिषयबस्तु, हाउभाउ, प्रस्तुतिकरण, भाषा, शैलीलाई मुल्याङ्कनको आधार बनाइनेछ
७. निर्णायक मण्डलको निर्णय नै अन्तिम हुनेछ।
८. प्रतियोगि विद्यार्थी विद्यालय पोशाक र परिचय पत्र सहित उपस्थित हुनुपर्ने छ।

तपसिल:
मिति : २०८०।०५।२९ गते
समय: बिहान ११:०० बजे
स्थान: श्री झिमरुक बहुमुखी क्याम्पसको सभाहल प्यूठान नपा ८ बाग्दुला ।

पुन्य प्रसाद न्यौपाने
नि. कार्यालय प्रमुख
नि. कार्यालय प्रमुख

नोट : प्रतियोगितामा प्रथम, द्धितिय, तृतीय र सान्तवना स्थान हासिल गर्ने विद्यार्थीहरुले नगद पुरस्कार क्रमश १००००।-, ७५००।-,५०००।– , २५००।- र प्रमाण पत्र प्राप्त गर्नेछन।